# बाह्रबिसे नगरपालिका

## बाह्रबिसे नगरपालिकाको कार्यालय

### न्यायिक समिति

### बाह्रबिसे,सिन्धुपाल्चोक

### आ.ब.०७७।७८

# प्रतिवेदन

आजको यस बाह्रबिसे नगरपालिकाको नगरसभाका सभाध्यक्ष गरिरहनुभएका यसै बाह्रबिसे नगरपालिकाका नगरप्रमुख श्रीमान निमफुञ्जो शेर्पा ज्यु,प्रमुख प्रशासकीय अधिकृत श्री इश्वरी प्रसाद शर्मा ज्यु,९ वटै वडाका वडाअध्यक्ष ज्युहरु,नगर कार्यपालिका सदस्य ज्युहरु,वडा सदस्य ज्युहरु,उपस्थित नगरपालिकाका विभिन्न शाखा प्रमुख,कर्मचारीहरु लगाएत उपस्थित सम्पूर्णमा बाह्रबिसे नगरपालिका न्यायिक समितिको आ.ब.०७७।७८ को बार्षिक प्रतिवेदन पेश गर्न चाहान्छु ।

नेपालको संविधान २०७२ को भाग १७ मा स्थानिय कार्यपालिका सम्बन्धि व्यवस्था र सोही भाग अन्तर्रगत धारा २१७ मा न्याय समितिको व्यवस्थामा उल्लेख गरी कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले उपाध्यक्ष वा उप-प्रमुखको संयोजकत्वमा तीन सदस्य न्यायिक समितिको परीकल्पना गरेको छ जसमा गाउँसभा वा नगरसभाबाट आफुहरु मध्येबाट निर्वाचित गरेका २ जना सदस्यहरु रहनेछन्,भनि उल्लेख गरेको र स्थानिय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धि व्यवस्थामा उल्लेख गरेको धारा ४७(१) मा उल्लेखित स्थानिय तह सरकार सञ्चालन,न्यायिक समितिको अधिकार क्षेत्र र सोही धाराको (२) बमोजिम मेलमिलापको माध्यायमबाट विवाद निरुपण गर्न सक्ने अधिकार प्रयोग गरी न्याय सम्पादन गर्नसक्ने अधिकार प्रत्यायोजनको व्यवस्था गरिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

श्रीमान नगर प्रमुख ज्यु,नेपालको ७५३ स्थानिय तहहरुमा २७६ नगरपालिकाहरुमध्ये यस बाह्रबिसे नगरपालिका पनि एक रहेको छ । संविधानले ७५३ वटै स्थानिय तहमा न्याय सम्पादन गर्न एक न्यायिक समितिको व्यवस्था गरेको सन्दर्भमा बाह्रबिसे नगरपालिकामा पनि उप-प्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति गठन भएको छ,स्थानिय तहको निर्वाचन पश्चात् गठित न्यायिक समितिले आफ्नो न्यायिक कार्य सम्पादनको कार्य गरिदै आएको छ । सोही स्थानिय सरकार सञ्चालन ऐन २०७४को धारा २१७,दफा ४७को उपदफा १ र २ मार्फत न्यायिक समितिलाई विवाद निरुपण गर्ने अधिकार दिइएको छ सोही अनुसार यस बाह्रबिसे न्यायिक समितिले गरेका कार्यहरु यस प्रकार रहेको छ ।

जम्मा उजुरी दर्ता संख्या = ३४ थान

अघिल्लो वर्षको = ९ थान

मिलापत्र तथा फैसला = १९ थान (गत आर्थिक वर्षको ३)

मुलतवी = १७ थान

कार्यन्वयनको क्रममा = ५ थान

आदेश = ३ थान

**जसमध्ये यस आर्थिक वर्षमा निम्न प्रकृतिका उजुरीहरु दर्ता भएका छन् ।**

क) जग्गा सम्बन्धि = ८ थान

ख) गालीवेइज्जती सम्वन्धि = ७ थान

ग) लुटपिट सम्बन्धि = ५ थान

घ) आर्थिक लेनदेन सम्बन्धि = ५ थान

ज्याला मजुरी नदिएको सम्बन्धि = ३ थान

च) अर्काको बालीनोक्सानी गरेको सम्बन्धि = २ थान

छ) जेष्ठ नागरीक पालनपोषण नगरेको सम्बन्धि = १ थान

**यो बाहेक न्यायिक समितिले गरेका स्मरण योग्य कार्यहरु :**

- २०७७।०९।१३ मा न्यायिक मामिला व्यवस्थापन प्रणालीमा आधारीत रहेर टुकीसंघ सुनकोशी संग छलफल ।
- २०७७।०९।२४ मा बाह्रबिसे नगरपालिका न्यायिक समिति र मेलमिलापकर्ता वीच सामुदायिक मेलमिलाप सम्बन्धि अनुभव आदानप्रदान कार्यक्रम - प्राकृतिक स्रोत द्वन्द्ध रुपान्तरण केन्द्रसंग समन्वय गरी कार्यक्रम सम्पन्न ।

- बाह्रबिसे ८ का सुर्य तामाङलाइ त्रिपूरासुन्दरी ४ का चित्र ब.गुभाजुले भाडा ट्रिपर बिक्रि गरी लिन बाकी रु.४१,४००(रु.एकचालिस हजार चार सय मात्र) रकम निज सुर्य तामाङलाइ फिर्ता भएको ।

बाह्रबिसे ३ का पदम बहादुर मगरको भूकम्प राहत किस्ता ऐ.ऐ.बस्ने सुनिल मगरले विना सोधनी रकम खर्च गरेकोमा रु.५०,०००(रु.पचास हजार मात्र) मिति २०७७।०९।२७ गते पदम बहादुरलाइ नै फिर्ता गरिएको ।

- माथीका बाहेक हामीले विना निवेदन पनि त्यस्ता थुप्रै कामहरु गरेका छौ जुन मध्ये बाह्रबिसे ९का मेघराज तामाङको ३ बर्षअघि सोही ठाउँ बस्ने वाङ्जु तामाङले लगेको १ तोला सुनको बराबर हुन आउने रकम मध्ये रु.७०,०००(रु.सत्तरी हजार मात्र) फिर्ता भएको छ ।

दुःखका साथ भन्नुपर्छ यस वर्ष बाढीपहिरो तथा माहामारीको रुपमा फैलिएको कोभिड१९ले गर्दा सङ्गो विश्व आक्रान्त भएको अवस्थामा हाम्रो राष्ट्र नेपाल पनि अछुतो रहेन । तसर्थ न्यायिक समितिले प्राप्त निवेदन माथि इजलास छलफल,मिलापत्र,फैसला बाहेक अन्य रचनात्मक कार्य गर्न नसकेको अवस्था हो । याहाँहरुमा धन्यवाद आभार व्यक्त गर्दै आगामी दिनहरुमा अझै शसक्त रुपमा अगाडी बढ्नेछ भन्ने विश्वास दिलाउन चाहान्छु ।

## ! धन्यवाद !

सुशिला पाख्रिन

उप-प्रमुख

न्यायिक समिति सम्योजक

बाह्रबिसे नगरपालिका